# आठबीस नगर कार्यपालिकाको कार्यालय

## राकम कर्णाली,दैलेख

## खरिद कारबाही रद्ध गरी पुन:शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**( दास्रो पटक प्रकाशित मिति :- २०७७/०२/२९)**

यस नगरकार्यपालिकाको कार्यालयको आर्थिक वर्ष २०७६/०७७ का लागी मिति २०७६।११।१८ गते प्रथम पटक प्रकाशित एफ.एम. रेडियो स्थापना (सामाग्री खरिद तथा जडान) कार्यका लागि आह्वान गरिएको सूचना बमोजिम कार्यालयमा दर्ता भएका सबै बोलपत्रहरु अस्वीकृत गरी खरिद कारबाही रद्ध गरिएकोले पुन: तपसिल बमोजिमका खरिद कार्य शिलबन्दी दरभाउपत्रका माध्यमबाट गराउनु पर्ने भएकोले इजाजत पत्र प्राप्त ईच्छुक आपुर्ति कर्ता / निर्माण व्यवसायी /फर्महरुबाट निम्न शर्तहरुको अधिनमा रहि रितपूर्वकको शिलवन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

१. दरभाउपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र चालु आ.व. का लागि नविकरण भएको ईजाजतपत्र, आयकर दर्ता र मु.अ. कर दर्ता र आ.व. २०७५/०७६ सम्मको कर चुक्ता भएको प्रमाणपत्रका प्रमाणित प्रतिलिपि संलग्न राखी लिखित निवेदन साथ तल उल्लेखित दस्तुर ( फिर्ता नहुने गरी ) तिरी इच्छुक दरभाउपत्रदाताले यस कार्यालयबाट खरिद गर्न सकिने छ ।
२. खरीद भएका दरभाउपत्र प्रथम पटक प्रकाशित भएको मितिले ८ औं दिनको १२.०० बजे भित्र शिलबन्दी लाहा छाप गरी खाममा विवरण प्रष्ट खुलाई यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका दरभाउपत्रहरु सोही दिनको २ : ०० बजे यस कार्यालयमा खोलिने छन् । साथै दरभाउपत्र खोल्ने समयमा निज वा निजको प्रतिनिधि नभए पनि दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।
३. दरभाउपत्र खरीद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा उक्त कार्यहरु क्रमश : लगत्तै कार्यालय खुलेको दिन हुनेछ ।
४. दरभाउपत्रका साथ जमानत बापतको तपसिल बमोजिमको रकम यस कार्यालयको नेपाल ईन्भेष्टमेन्ट बैंक लि., डावा शाखा, दैलेख स्थित च. हि.नं. ०६३०१४००२५००८५ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा ७५ दिन म्याद भएको यस कार्यालयको नाममा जारी गरिएको बैंक जमानी पत्र ( बिड बण्ड ) पेश गर्नु पर्नेछ ।
५. म्याद नाघि आएको, रीत नपुगेको र शर्त राखिएको दरभाउपत्र उपर कारबाही हुने छैन ।
६. दरभाउपत्रदाताबाट दरभाउपत्रको उल्लेखित मूल्य परिमाण सूची ( BOQ ) मा प्रत्येक आइटमको मूल्य अभिबृद्धि कर बाहेकको दर रेट भरी नआएमा त्यस्तो दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन । साथै दर रेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएकोमा केरमेट भएको ठाउँमा सहिछाप भएको हुनुपर्नेछ ।
७. यस नगरपालिकाको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
८. तपसिलको कार्य यस कार्यालयले तोकेको समय भित्र सम्पन्न गरी सक्नुपर्नेछ ।
९. दरभाउपत्र पेश गर्नु अघि दरभाउपत्रदाताले निर्माण स्थल तथा समुदायको बारेमा जानकारी एवं अध्ययन गर्नुपर्नेछ ।
१०. दरभाउपत्रका सम्बन्धमा अन्य कुराहरु बुझ्नु परेमा यस कार्यालयबाट कार्यालय समय भित्र बुझ्न सकिनेछ ।
११. यसमा उल्लेख नभएका बिषयहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**तपसिल :**

| ठेक्का नम्बर | कामको विवरण | दरभाउपत्र जमानत रकम | दरभाउपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १०/२०७६/०७७ | एफ.एम. रेडियो स्थापना ( सामाग्री खरिद तथा जडान ) | रु.५०,०००।- | रु. १,०००।– | आयोजना स्थल – आ.न.पा. ९, दैलेख |

थप जानकारी एबं सूचनाको लागि : फोन ०८९६९०४७५, ईमेल aathabismun@gmail.com, वेवसाइट www.aathabismun.gov.np

**आठबीस नगरपनलिका**
दैलेख